# Pennsylvania मा स्थानान्तरण गर्दै: अब के?

नयाँ राज्यमा स्थानान्तरण गर्दा धेरै कुराहरू सोच्नु पर्ने हुन्छ। यदि तपाईं वा तपाईंको बच्चाले अटिजम सेवाहरू प्राप्त गरिरहनु भएको छ र तपाईं Pennsylvania स्थानान्तरण गर्दै हुनुहुन्छ भने, तपाईंले के गर्ने भनेर सोचिरहनुभएको हुन सक्छ। तपाईंले सहायताको लागि तलको सूची प्रयोग गर्न सक्नुहुन्छ। यसले तपाईंलाई आफ्नो सेवाहरू सुचारु गर्न चाल्नुपर्ने कदमहरू दिनेछ।

- [ ] आफ्नो नयाँ **County** लाई सम्पर्क गर्नुहोस्। प्रत्येक county ले फरक-फरक सेवाहरू प्रदान गर्छन्। तिनीहरूले के प्रदान गर्छन् भनेर जान्नको लागि आफ्नो county लाई सम्पर्क गर्न जरुरी छ। विभिन्न कार्यालयहरू जस्तै: County सहायता कार्यालयहरू, व्यावसायिक पुनर्वास कार्यालयहरू, मध्यवर्ती एकाइहरू, संकट छेकछाक, र County MH/ID/EI। यहाँ थप जान्नुहोस्।




- [ ] घर तथा समुदायमा आधारित सेवाहरू **(HCBS)** प्रछुटहरू एक प्रकारको Medicaid कार्यक्रम हो। यसले तपाईंलाई आफ्नो समुदायमा बस्न दीर्घकालीन सहयोग प्रदान गर्छ। छुटहरू र आवेदन कसरी दिने भन्ने बारे थप जान्नुहोस्।

- [ ] गहन **व्यवहार स्वास्थ्य सेवाहरू (IBHS)** भनेको मानसिक स्वास्थ्य सेवाहरू हुन्। यस्ता सेवाहरु घरमा, विद्यालयमा वा समुदायमा प्रदान गरिन्छन्। यी सेवाहरू २१ वर्ष मुनिका व्यक्तिहरूका लागि हो। यी सेवाहरूले भावनात्मक वा व्यवहारिक चुनौतीहरूसँग लड्न सहयोग गर्छन्। यी सेवाहरूमा कसरी पहुँच पुर्याउने भनेर थप जान्नुहोस्।

- [ ] **Therapist** खोज्नुहोस्। ASERT सँग तपाईंलाई Therapist वा सेवाहरू खोज्न सहयोग पुग्ने जानकारी छ। तपाईं वा तपाईंको बच्चाको लागि उत्तम प्रदायक छनौट गर्नको लागि पनि जानकारी छ। यहाँ थप जान्नुहोस्।



- [ ] **PA** परिवार सन्जालले परिवार र व्यक्तिहरूलाई मद्दत गर्छ। तिनीहरूले शिक्षा, स्वास्थ्य सेवा, र समुदायमा रहनको लागि सेवाहरू खोज्न सहयोग गर्छन्। तिनीहरूसँग यहाँ सम्पर्क गर्नुहोस्।

- [ ] **PA** परिवार सन्जालले पारिवारिक सल्लाहकारहरू प्रदान गर्दछ। पारिवारिक सल्लाहकारहरूले जानकारी र सहायता प्रदान गर्न सहयोग गर्छन्। तिनीहरू Pennsylvania मा तपाईंको लागि समन्वयकर्ता पनि हुन्। यहाँ तिनीहरूसँग सम्पर्क गर्नुहोस्।

- [ ] सहायता **समूहहरू:** ASERT सँग सहायता समूहको नक्सा छ। यसले Pennsylvania का सबै सहायता र स्व-वकालत समूहहरूको सूची दिन्छ। यी समूहका सदस्यहरू जानकारीको लागि एउटा राम्रो स्रोत हुन सक्छन्। तिनीहरूले तपाईंको समुदायका प्रदायकहरू र स्रोतहरूको बारेमा जानकारी दिन सक्छन्। सहायता समूहको नक्सामा जानुहोस्।

- [ ] ऐन ६२ Pennsylvania को अटिज्म बीमा ऐन हो। यसले २१ वर्ष मुनिका व्यक्तिहरूको लागि अटिजम-सम्बन्धित सेवाहरूको लागत बेहोर्न सक्छ। यदि तपाईं वा तपाईंको बच्चाको निजी स्वास्थ्य बीमा छ भने, सेवाहरूको ऐन ६२ अन्तर्गत लागत बेहोरिन सक्छ। आफ्नो रोजगारदाताको मानव संसाधन विभागसँग कुरा गर्नुहोस्। चिकित्सा सहायता (MA) वा बाल स्वास्थ्य बीमा कार्यक्रम (CHIP) द्वारा बेहोरिएको जो कोहीलाई पनि बेहोरिनेछ। यहाँ थप जान्नुहोस्।



Nepali



*ASERT* **सहकार्यलाई पेन्सलभेनियाको मानव सेवा विभागको विकासात्मक कार्यक्रम कार्यालयद्वारा आर्थिक सहयोग गरिएको छ**